म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २५३ बिहीबार १४ बैशाख २०८० ने. सं. ११४३ बछलाथ्व 27 April 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस मक्वानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना

B Pharma - २ जना

तलबः आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**

**मकवानपुर सहकारी अस्पताल**

हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४१२७००९

# सीसीटीभी फुटेजले उब्जाएको आशंका, सत्यतथ्य छानविनको माग

साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासतमा रहेका मकवानपुरका पत्रकार रमेश बञ्जारालाई जर्वजस्ती करणी मुद्दामा फसाउन खोजेको आशंका उत्पन्न भएको छ ।





एक महिलाले ३० चैतमा जिल्ला प्रहरी कार्यालयमा बञ्जाराविरुद्ध दिएको ठाडो उजुरीका आधारमा प्रहरीद्वारा जिल्ला अदालतबाट म्याद थप गरेर अनुसन्धान भइरहेको छ । तर, तत्कालीन समयमा घटना भएको भनिएको स्थानको समेत अवस्था खुल्ने गरी बुधवार सीसीटीभी फुटेज बाहिरिएपछि बञ्जारालाई फसाउन खोजिएको आशंका उब्जिएको हो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरले सार्वजनिक सीसीटिभी फुटेजलाई आधार बनाएर बञ्जारालाई फसाउन खोजेको आशंका भएको भन्दै सत्यतथ्य छानबीनका लागि प्रहरीको ध्यानाकर्षण गराएको छ । रास्वपाले मात्र नभई जनस्तरमा पनि बञ्जारालाई फसाउन खोजेको आशंका भइरहेको हो ।

सञ्चारमाध्यममा आएको सिसिटिभी फुटेजलाई हेर्दा पत्रकार बन्जारालाई सुनियोजित रुपमा फसाउन खोजिएको भन्ने जनस्तरबाट समेत गुनासो आएकाले राष्ट्रिय स्वतन्त्र पार्टीले निष्पक्ष छानबीनको माग गरेको हो । पार्टीका सभापति भरत पराजुलीले दोषि भए कानुनी कारवाही अघि बढाउनु पर्ने अन्यथा निर्दोष व्यक्तिलाई सुनियोजित तरिकाबाट फसाउन नहुने ध्यानाकर्षण पत्रमा उल्लेख गरेका छन् । पीडितले दिएको जाहेरी र बारदात भएको भनिएको समयमा पत्रकार बञ्जारा हेटौंडाको एक पसलमा गुट्खा किन्दै गरेको सिसीटीभी फुटेजमा देखिएको र पीडित भनिएकी महिला बुलेट बाइक चढेर घट्ना भएको भनिएको स्थलमा गएको विषयलाई समेत प्रहरी प्रशासनले गहिरो ढंगले छानबीन गर्न माग गरिएको छ ।

रास्वपाको ध्यानाकर्षण पत्र र जनस्तरबाट उब्जिएको आशंकालाई नजिर बन्ने गरी करिब दुई वर्षअघि रौतहटमा पत्रकारलाई प्रहरीले नै लागूऔषधमा फसाउन खोजेको घटनालाई नियाल्नुपर्ने हुन्छ । रौतहटमा कार्यरत पत्रकार मोहम्मद मोजुबुल्लाहलाई योजनावद्ध रुपमा लागूऔषध कारोबारमा प्रहरी र पत्रकार नै मिलेर फसाएको घटना राष्ट्रियव्यापी बनेको थियो । जुन घटनाले प्रहरीसमेत कारबाहीमा परेका थिए । समाचार लेखेको विषयलाई लिएर रिसइबी बनेपछि मोहम्मद चढ्ने मोटरसाइकलमा प्रहरीले नै लागूऔषध राखेर पक्राउ गरिएको थियो । जुन घटना रौतहटका स्थानीय पत्रकारले सिसिटिभी फुजेट सार्वजनिक गरेपछि सत्यतथ्य बाहिरिएको थियो ।

हेटौंडामा पनि बञ्जाराको घटना विवरणलाई आधार बनाएर बजार क्षेत्रका सिसिटिभी फुजेट सार्वजनिक हुँदा फसाउन खोजिएको आशंका गरिएको हो । तर, पीडित महिलाले बञ्जाराबाट आफू जर्वजस्ती करणीमा परेको भन्दै जाहेरी दिएकी हुन् । बञ्जाराले पनि महिलासँग आफ्नो भेटघाट भएको र पहिलो फोन महिलाबाटै आएको बताएका छन् । महिलाले हेटौंडाको राप्ति पुलको दक्षिणतर्फ त्रिवेणीधाम जानेतर्फ काँसघारीमा जर्वजस्ती करणी गरेको दाबी गरेकी छन् । तर, उनले आफूमाथि जर्वजस्ती करणी भएको भनिएको समयमा उनी दुईजना पुरुषसहित एउटा बुलेट बाइकमा सँगै आएर शवदाहस्थलमा ओर्लिएको सिसिटिभी फुटेजमा देखिन्छ । बाइकबाट झरेपछि पीडित भनिएकी महिला पैदलयात्रा गरी जिल्ला प्रहरी कार्यालयतर्फ लागेको देखिन्छ ।

महिलाले जवर्जस्ती करणी भएको भनिएको समयमा बञ्जारा भने हेटौंडा-४, स्थित ओम भवनमा गुट्खा किन्दै गरेको देखिन्छ । पीडितको दाबी र सिसिटिभी फुजेटको दृश्यले घटनाप्रति जनस्तरमा आशंका उब्जिएको हो । पीडित भनिएकी महिलाले कैलाश गाउँपालिकामा गाँजा खेतीको विषयमा प्रहरीले दुःख दिएको र बहिनीको डिभोर्स मुद्दा भएकाले सहयोग माग्न आफूसँग नजिकिएको बञ्जाराको दाबी छ । बञ्जाराले घटना भएको दिन महिलालाई आफ्नै स्कुटरमा राखेर २ बजेर ४६ मिनेटमा जिल्ला हुलाक कार्यालय अगाडिको मकवानपुर साझा यातायातको स्टेसनमा पुऱ्याएको सिसिटिभीबाट देखिन्छ । महिलालाई बस स्टेशनमा झारेर २ बजेर ५१ मिनेटमा पारिजातपथस्थित चिया पसलमा पुगेको देखिएको छ ।

त्यसपछि बञ्जारा चिया पसलमै एक घण्टा समय बिताएर ४ बजेको समयपछि कमानेस्थित घर गएको पनि सिसिटिभी फुटेजबाट खुलेको छ । प्रहरीका अनुसार महिलाले भने आफुलाई सोहीदिन अपरान्ह ४ बजे राप्ती खोलाको शवदाहस्थान भन्दा अलिक पर काँसघारीमा लगेर जवर्जस्ती करणी गरेको आरोपसहित उजुरी दिएकी छन् । प्रहरीका अनुसार उनले ४ बजेर ५६ मिनेट जाँदा उजुरी दिन आएकी थिइन् । त्यस लगत्तै बञ्जारालाई प्रहरी कार्यालयबाट फोन गरेर बोलाएपछि उनी पुगेपछि हिरासतमा राखिएको थियो ।

मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले छानबीन गरेर अदालतमा मुद्दा दायर गर्ने तयारी भइरहेको जानकारी दिए । उनले घटना अनुसन्धानकै क्रममा रहेकाले थप कुरा गर्न चाहेनन् । घटनालाई नजिकबाट नियालिरहेकी माइती नेपाल मकवानपुरकी अध्यक्ष माया लामाले यस घटनालाई धेरै ठूलो विषय बनाउन नहुने बताउँछिन् । प्रहरीले अनुसन्धान गरिरहेको र अदालतबाट छिनोफानो हुने भन्दै अनुसन्धानमा सबैले सहयोग पुऱ्याउनु पर्ने बताइन् । लामाले बञ्जारा निर्दोष भए छुट्नु पर्ने र दोषि देखिए कानुनअनुसार कारबाहीको भागिदार हुनुपर्ने बताएकी छन् । 'सबै महिला सही हुन्छन् भन्ने हुँदैन । महिला नै सही छ भनेर भन्दैनौं । निर्दोष छ भने फसाउनु हुँदैन । दोषि भए कसैलाई छोड्नु पनि हुँदैन,' लामाले भनिन् ।

# मातातिर्थ-मार्खु प्रसारण लाईन सुचारु गर्न बर्तौलाको माग

साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ मकवानपुर-२ का प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले मातातिर्थबाट चखेल, मार्खु हुँदै ललितपुरको माल्टासम्मको ३३ केभीको प्रसारण लाईन सुचारु गर्न माग गरेका छन् ।



बुधबारको प्रतिनिधिसभा बैठकमा बोल्दै प्रसारण लाइन सरकारको मन्त्रालयहरुबीचमा समन्वयको अभावका कारण वन मन्त्रालयले रुख काट्ने अनुमति नदिँदा रोकिएको बर्तौलाले बताए । नेपाल विद्युत प्रधिकरणले मार्खु सव स्टेसनको काम सुरु गरेको करिव १० बर्ष भई सकेको प्रधिकरणका उच्च अधिकारीको भनाइ छ । सांसद बर्तौलाका अनुसार उक्त प्रसारण लाइन विस्तार हुँदा मकवानपुरको थाहा, ईन्द्रसरोवर, भीमफेदी तथा कैलाश भेगमा अघोषित रुपमा नियमित लोडसेडिङ भइरहेको छ ।

आयोजनाको काम सकिँदा त्यस भेगका जनताले लोडसेडिङ भोग्नुपर्ने बाध्यत कम हुने बर्तौला बताउँछन् । बैठकमा सांसद बर्तौलाले नेपाल सरकारको गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई गृह मन्त्रालय कस्ले चलाउछ भनेर प्रश्न गरेका थिए । मिटरब्याज पीडितहरुलाई प्रहरीले दमन नगर्न भनेर गृहमन्त्रीले निर्देशन गर्दा पनि प्रहरीले पीडितहरुलाई धरपकड, दमन गरेको तथा टाउको फोरेको भन्दै बर्तौलाले गृहमन्त्रालयको सञ्चालक बारे प्रश्न गरेका हुन् ।

बर्तौलाले करिव २ लाख हेक्टर भन्दा बढी वन डढेलोले नाश भएको तथा करिव २ हप्ता सिर्यिस ग्यास चेम्वरमा नेपालीहरु बस्नुपरेको उल्लेख गर्दै गृहमन्त्रीलाई जानकारी छ कि छैन भनेर सोधेका छन् ।

# इपा पुग्ने सडक पक्की गरिँदै

हेटौंडा, १३ वैशाख/ जिल्लाको भीमफेदी गाउँपालिका वडा नम्बर-८ कोइपा गाँउको सडक निर्माणको काम दुई वर्षदेखि जारी छ ।

संघीय सरकारको समपुरक अनुदानमा सडक पक्की निर्माण गर्ने काम भइरहेको गाउँपालिका अध्यक्ष हिदम लामाले जानकारी दिएका छन् । वितेको आर्थिक वर्ष २०७८/०७९ र चालु आर्थिक वर्ष २०७९/०८० मा संघीय सरकार र गाउँपालिकाको गरी ८ करोड रुपैयाँ लागतमा सडक निर्माण भइरहेको लामाले बताए । उक्त सडक निर्माण भएपछि यहाँका सयौ परिवारले फाइदा लिन सक्नेछन् । सडक निर्माणसँगै गाउँको मुहार फेरिएको भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाले बताए । यो आर्थिक वर्षको मसान्तसम्ममा स्तरोन्ती भएका सडक स्ल्याब ढलान कार्य सम्पन्न गर्ने लक्ष लिएको लामाले बताए । सडकमा ठेक्का लगाएर तीन वटा प्याकेजमा काम भइरहेको उनले जनाए । गत आर्थिक वर्षमा ४ करोड रुपैयाँ र चालु आर्थिक वर्षमा चार करोड रुपैयाँ लागतमा काम भइरहेको भीमफेदी गाउँपालिकाका योजना शाखाका प्रमुख तथा सूचना अधिकारी बद्री सापकोटाले जानकारी दिए । सडक निर्माणको कामअन्तर्गत स्ल्याव निर्माण, ड्रेन वाल निर्माण, हेमपाइप र ग्यावीन जाली निर्माण गर्ने काम भइरहेको उनले बताए ।

**केदारनाथ सुनचाँदी पसल**

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

प्रो. राहुल सुनार

मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

**भर्ना खुल्यो ! भर्ना खुल्यो !**

नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा विद्यार्थी, अभिभावक, शिक्षक तथा समस्त शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना सहित

शैक्षिक सत्र २०८०का लागि कक्षा नर्सरी देखि कक्षा ९ सम्म भर्ना खुलेको सहर्स जानकारी गराउन चाहन्छौं ।

Entrance प्रवेश परीक्षा भइरहेको जानकारी गराउन चाहन्छौं ।

Tulasi Mehar Memorial Secondary School

Hetauda-10

Contact No.: 057-520737, 9855071876

**पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा**

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

**यात्रु महानुभावहरूलाई खुसीको खबर !**

२०८० बैशाख २ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगबु बसपार्कसम्म दैनिक बिहान ७ बजे
- गंगबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे
- कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे
- काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे




सम्पर्कः

०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५, ९८४५०७६७६३


**घडेरीहरू बिक्रीमा**

मुकुन्द कार्की : ९८५१०८९६३४, ९८०१०९८८६९

जिल्ला : मकवानपुर

हेटौंडा उपमहानगरपालिका

वाड नं. १



साझाकुरा

## हाम्रो कुरा

# शिक्षालयमा विद्यार्थी घट्दै

पछिल्लो दिनमा माध्यमिक तह उत्तीर्ण गर्नेबित्तिकै विद्यार्थीहरु अष्ट्रेलिया, क्यानडा, अमेरिका, बेलायततिर उड्न थालेपछि उच्चशिक्षा आर्जन गर्ने कलेजहरु सुनसान बन्दै गएका छन् । १२ कक्षा उत्तीर्ण गरेका औषत भन्दा कमजोर विद्यार्थी पासपोर्ट बनाएर खाडीमा रोजगारीका लागि जाने र सक्षम अभिभावकका बालबालिका उच्चशिक्षाका लागि सम्पन्न मुलुकतिर जान थालेपछि उच्चशिक्षालयमा विद्यार्थी अभाव हुन थालेका छन् । सक्षम बालबालिका १८ बर्ष पुग्नेबित्तिकै विकसित मुलुकमा उच्चशिक्षाको बहानामा बिदेशिने र कमजोर आर्थिक अवस्थाका विद्यार्थी १८ बर्ष पुगेपछि राहदानी बोकेर खाडीका लागि रोजगारीमा जाने क्रम बढेको छ । विद्यार्थीलाई न्यूनतम शुल्कमा उच्चशिक्षा हासिल गराउन सञ्चालित सामुदायिक क्याम्पसले विद्यार्थी घट्न थालेपछि गंभीर बन्नुपर्ने समय आएको छ ।

उच्चशिक्षा आर्जन गर्ने कलेज मात्र होइन, सामुदायिक विद्यालयमा पनि बालबालिकाको संख्या घट्दै गएको छ । नगरका सुविधासम्पन्न केही विद्यालय बाहेक ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी संख्या घटेको छ । विद्यार्थी घटेपछि सामुदायिक शिक्षालयको अवस्था चिन्ताजनक भएको हो । सामुदायिक शिक्षालयको विकास तथा सम्वर्द्धनमा राज्यले दायित्व बहन गर्न सकिरहेको छैन । बागमती प्रदेशका सामुदायिक शैक्षिक संस्थाको आर्थिक अवस्था निरिह छ, उच्चशिक्षाका नाममा विद्यार्थीको विदेशिने क्रम तीब्र बढेको छ, सरकारी कर्मचारी र जनप्रतिनिधिका बालबालिका निजी शैक्षिक संस्थामा महंगो शुल्क तिरेर पढाइरहेका छन् । अधिकांश सामुदायिक क्याम्पस र विद्यालयहरु निरन्तर नाजुक बन्दै गइरहेका छन् । देशको राजनीतिक अवसथका कारण युवा शक्ति निराश हुँदै विदेशिने क्रम बढेकोले क्याम्पसमा विद्यार्थी घट्दै गइरहेको छ । सामुदायिक क्याम्पस प्राज्ञिक भन्दा पनि राजनीतिक अखडा बन्दै गएकोप्रति चिन्ता व्यक्त गरिएको छ । सामुदायिक विद्यालय वा कलेजका शिक्षक/प्राध्यापकहरु अध्यापन कार्यमा परम्परागत नै छन् । नेपालमा अनुसन्धानमूलक शिक्षाको विस्तारमा अत्यन्तै न्यून उपलब्धी छ । क्याम्पसमा भर्नादर निरन्तर घटिरहेको भन्दै चिन्ता र चुनौती रहेको हेटौंडामा आयोजित एक कार्यक्रमका सहभागीले बताएका छन् । कलेज पढ्नुपर्ने उमेरका विद्यार्थी विदेश गइरहेका छन्, नेपालका शैक्षिक संस्थामा पढ्न आउन छोडेका छन् । हाम्रा क्याम्पसमा अनुसन्धानमूलक शिक्षा कार्यान्वयन हुनुपर्ने थियो तर, तयो पनि हुन सकिरहेको छैन । सरकार र सामुदायिक क्याम्पसबीच समन्वय र सहकार्य हुन नसकेकाले समस्या देखिएको बताइएको छ । राजनीतिक दलहरुले यो विषयमा केही बोलेका छैनन् ।

अहिलेको पाठ्यक्रमले शिक्षालाई आयआर्जनसँग जोड्न सकेको छैन । एसइई उत्तीर्ण गरेको विद्यार्थी आफ्ना अभिभावकसँग खेत वा बारीमा काम गर्न जानेवाला छैन । आफ्नै खेतीपातीको काम गर्न उसले लाज मान्ने गरेको छ । यो क्रम बढ्दै गएपछि हाम्रा माध्यमिक तह अध्ययन पूरा गरेका विद्यार्थी पनि नेपालमा बसेर कुनै पेशा वा ब्यवसाय गर्न चाहँदैनन् । उनीहरु राहदानी बनाउने र खाडीमा हानिने चक्करमा छन् । पविारको एक सदस्य खाडीमा पुगेपछि ग्रामीण क्षेत्रका पाखोबारी बाँझै राखेर सहरी क्षेत्रमा कोठा भाडामा लिएर बस्न बाध्य भएका छन् तिनका अभिभावक पनि । विद्यालय तहदेखि नै अध्ययनलाई रोजगारीसँग जोड्न सकिएन भने एक दसपछि उच्चशिक्षालयमा विद्यार्थी भेटिन मुस्किल पर्ने सम्भावना छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत १५ गते शुक्रबार २८ अप्रिल २०२३ । अष्टमी, वैशाख शुक्लपक्ष । बछ्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:३०, सूर्यास्त ६:३५ । श्री पशुपतिनाथमा दमन पुष्पार्पण । गोरखकाली पूजा । अष्टमीब्रत । राष्ट्रिय चिया दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद हुन सक्ने | **तुला** | : व्यापारबाट फाइदा हुनेछ |
| **वृष** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | **वृश्चिक** | : मन प्रशन्न हुने देखिन्छ |
| **मिथुन** | : आफन्तको सहयोग मिल्नेछ | **धनु** | : नयाँ काम गर्न जागर आउनेछ |
| **कर्कट** | : यात्राको लागि राम्रो समय छ | **मकर** | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| **सिंह** | : सोचेजस्तो सहयोग मिल्नेछैन | **कुम्भ** | : पढाइमा सहयोग मिल्नेछ |
| **कन्या** | : समय पूजापाठमा बित्नेछ | **मीन** | : रिसाउने बानीले हानि पुग्नेछ |

# रेलमार्गमा नेपालले कति लगानी गर्ने ?



बागमान कुलुङ

चीनको लागि भारत दक्षिण एसियाकै सबैभन्दा ठूलो व्यापार साझेदार भएकोले चीनले भारत हुँदै हिन्द महासागरसम्मको सुविधासम्पन्न पहुँचमार्गको विकास गर्न चाहन्छ । २०२२ मा चीनले भारतलाई ११९ अर्ब डलरको निर्यात गरेको थियो । चीनको लागि यो रेकर्ड अमेरिका, हङकङ, जापान, दक्षिण कोरिया र भियतनामपछिको छैटौं ठूलो निर्यात हो।

चीनले बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) परियोजना अन्तर्गत चीनको कासगर बाट जम्मू-कस्मिर हुँदै पाकिस्तानको ग्वाडर बन्दर गाहसम्म चाइना पाकिस्तान इकोनोमिक करिडोर (सिपेक) को नाममा र कुनमिङबाट म्यानमारको मण्डले हुँदै युङगोन र क्याक्फु बन्दरगाहसम्म चाइना म्यानमार इकोनोमिक करिडोर (सिमेक) को नाममा सुविधासम्पन्न सडक र रेलमार्ग निर्माण गर्न करिब १२० अर्ब डलर लगानी गरेको छ ।

सुरुमा चीनले सिपेक अन्तर्गतको पाकिस्तानतिर जाने राजमार्गको कस्मिर क्षेत्रबाट भारततर्फ जाने अर्को राजमार्ग जोड्न चाहन्थे तर बीआरआई अस्वीकार गर्ने भारतीय नीति, भारतले आफ्नो भूमि दाबी गरेको कस्मिर क्षेत्रको प्रयोग र पाकिस्तान-भारत राजनीतिक द्वन्द्वले यो सम्भव भएन ।

चीनले बीआरआईको नाममा ठूला पूर्वाधारहरूको विकास गर्दै भारत वरिपरिका हिन्द महासागर क्षेत्रमा आफ्नो बलियो उपस्थिति जनाइरहेको कुरा भारतलाई मन परिरहेको छैन । यसकारण भारतले बीआरआईका सबै परियोजनाहरू आफ्नो देशमा अस्वीकार गर्दै आएको छ।

पाकिस्तान क्षेत्रबाट भारतलाई जोड्न सजिलो नभएपछि दोस्रो विकल्पको रूपमा चीनले कुनमिङबाट म्यानमार, बंगलादेश हुँदै भारतको कोलकत्ता बन्दरगाह जोड्ने प्रस्ताव अगाडि सार्‍यो । बंगलादेश, चीन, भारत, म्यानमार इकानोमिक करिडोर (बीसीम) नाम दिइएको यो परियोजनाको अवधारणाको विकास बंगलादेशी अर्थशास्त्रीहरूले गरेका थिए ।

नरेन्द्र मोदीभन्दा पहिलेका भारतीय सरकारले यो परियोजना बनाउन सहमति समेत दिइसकेका थिए, तर अहिलेको सरकारले बीआर आई अन्तर्गतको यो परियोजनालाई पनि चासो दिइरहेको छैन । सुरुमा यो परियोजना म्यानमार बाट बंगलादेशको चिटागोङ, ढाका हुँदै प्रस्ताव गरिएकोमा पछि म्यानमारबाट भारतको नर्थ-इष्ट क्षेत्र हुँदै बंगलादेशको ढाका र त्यसपछि कोलकत्ता प्रस्ताव गरिएको छ ।

कोलकत्ताबाट वेस्ट बंगालको सिलगुडी क्षेत्र घुमेर नर्थ-इष्टको मनिपुरक्षेत्र जानको लागि निकै घुमाउरो पर्छ । त्यसैले बंगलादेश हुँदै छोटो रुटको विकास गर्नु भारतको चासोको विषय थियो र त्यही चासो सम्बोधन हुने गरी बंगलादेशको चिटागोङ क्षेत्रलाई छाडेर नयाँ रुट प्रस्ताव गर्दा पनि भारतले यो परियोजना अगाडि बढाउन चासो दिइरहेको छैन । चीनको लागि पनि कुनमिङबाट कोलकत्तासम्मको दूरी करिब २८ हजार किलोमिटर लामो पर्ने भएकोले त्यति रुचिको विषय रहेन ।

त्यसपछिको तेस्रो तथा अन्तिम विकल्प तिब्बतको केरुङबाट काठमाडौं जोड्ने रेलमार्ग हो जसले भविष्यमा चीन र भारतलाई नै जोड्ने छ । भारतको रक्सौलबाट काठमाडौंसम्मको रेलमार्ग निर्माण गर्न नेपाल र भारत सरकार सहमत भएर सर्भे पनि भइसकेको छ ।

प्रधानमन्त्रीको आगामी भारत भ्रमणमा यो परियोजनाको लगानी मोडलमा समेत सहमति हुने भनिएको छ । यो भनेको भेट्न चाहेको साथीले आफू पनि बोलाउँदैन, बोलाउँदा पनि आउँदैन भने अर्कोले उसलाई बोलाएको ठाउँमा गएर भेट्नु जस्तो हो । यस अर्थमा भारत र चीनको रेल भेट्ने ठाउँ काठमाडौं हुँदैछ ।

तिब्बत चीनको निषेधित क्षेत्र हो । यहाँ आउने पर्यटकले अनिवार्य चिनियाँ सरकारले तोकेको गाइड लिएर मात्र घुम्ने अनुमति पाउँछ । विदेशी पर्यटकहरूलाई घुम्न यति कडाई गरिएको तिब्बत हुँदै अन्तर्राष्ट्रिय रेलमार्ग निर्माण गर्ने चीनको खासै रुचि देखिंदैन । तर पनि पाकिस्तान र म्यानमार दुवै क्षेत्रबाट सहज नभएपछि अहिले अन्तिम विकल्पको रूपमा चीनले केरुङ-काठमाडौं रेलमार्ग रोजेको देखिन्छ ।

केरुङ-काठमाडौं रेलमार्ग ७२ किलोमिटरको हुनेछ । काठमाडौं-रक्सौल रेलमार्ग करिब १३६ किलोमिटरको हुनेछ भने रक्सौलबाट कलकत्तासम्मको रेलमार्ग ६९३ किलोमिटरको बनिसकेको अवस्थामा छ । तिब्बतको सुरक्षालाई अपवाद मान्ने हो भने केरुङदेखि काठमाडौं हुँदै कलकत्तासम्मको यो दूरी करिब ९०१ किलोमिटर मात्र छ । यस हिसाबले यो मार्ग चीन र भारत जोड्ने अति छोटो र उत्तम मार्ग हो ।

सन् २०२२ को तथ्याङ्क अनुसार चीनले भारतलाई वार्षिक ११९ अर्ब डलर बराबरको वस्तु निर्यात गर्छ भने नेपाललाई करिब १.९५ अर्ब डलरको निर्यात गर्छ । भारतले चीनलाई करिब १७.५ अर्ब डलरको निर्यात गर्छ भने नेपाललाई ९.६३ अर्ब डलरको निर्यात गर्छ ।

त्यस्तै नेपालले भारतलाई १.३७ अर्ब डलरको निर्यात गर्छ भने चीनलाई ८०.४१ लाख डलरको निर्यात गर्छ । जम्मा तीन देशबीच वार्षिक १४९.४५ अर्ब डलरको व्यापार हुन्छ । यसमा नेपालको हिस्सा ०.९२ प्रतिशत, भारतको हिस्सा १८.१५ प्रतिशत रहेको छ भने चीनको हिस्सा ८०.९३ प्रतिशत रहेको छ ।

यसले के देखाउँछ भने भविष्यमा यो रेलमार्ग मूलतः चीन र भारत आफ्नै लागि हो । नेपाललाई फाइदा हुने चिनियाँ पर्यटक आए भने मात्र हो । सन् २०१९ मा करिब १ लाख ७० हजार चिनियाँ पर्यटक नेपाल आएका थिए । यो रेलमार्ग बन्यो भने कति थपिएला ?

यसमा नेपालले तथ्यमा आधारित अनुसन्धान गर्न जरुरी छ र फाइदाको मात्रा अनुसार मात्र लगानी गर्नु उपयुक्त हुन्छ । भावनामा बगेर पाकिस्तानले जस्तो यो रेलमार्गमा नेपालले ठूलो विदेशी ऋण लिन उचित छैन ।

अहिले पाकिस्तानमा देखिएको आर्थिक संकटको पहिलो कारण विदेशी ऋण हो । यसको झण्डै आधा हिस्सा करिब ६४ अर्ब डलर बीआर आई अर्न्तगतको चिनियाँ ऋण रहेको छ । केरुङ-काठमाडौं रेलमार्ग भारत जोड्ने चीनको अन्तिम विकल्प भएकोले चीन आफैंले यो परियोजनामा लगानी गर्नुपर्छ ।

उता, भारतको पनि अन्तिम उद्देश्य केरुङ-काठमाडौंसँग रक्सौल जोड्ने भएकोले दुवै देशको तीव्र इच्छाले यो रेलमार्ग बन्दैछ । यी दुई रेलमार्गमा व्यापारको १ प्रतिशतभन्दा कम्ति हिस्सा ओगटेको नेपालले बढीमा ५ प्रतिशतसम्म लगानी गर्नु उचित हुन्छ ।

**नेपालको प्राथमिकता प्रसारण लाइन**

अहिले अन्तर्राष्ट्रिय बजारमा नेपालको बिजुली किन्ने भारत र बंगलादेश मात्र हुन् । बनिसकेका र बन्दै गरेका गरी ७ भन्दा बढी अन्तरदेशीय विद्युत प्रसारण लाइनले भारतसँग नेपाल जोडिएको भए पनि कुनै पनि प्रसारण लाइन चीनसँग जोडिएको छैन । यस्तो अवस्थामा बंगलादेश पनि भारतकै भूमि भएर जाने भएकोले नेपालको बिजुलीमा भारतको एकाधिकार स्थापित छ ।

सुरुमा नेपालको जलविद्युतमा भारतभन्दा चीनको लगानी प्रतिबद्धता बढी थियो तर चीनले उत्पादन गरेको बिजुली भारतले नकिन्ने र चीनतर्फ प्रसारण लाइन नै नभएपछि चिनियाँ कम्पनीहरूले ओगटेका आयोजनाहरू फिर्ता गरेर भारतलाई नै दिन थालिएको छ । बीआरआई अर्न्तगत चीनले लगानी गर्ने भनिएका फुकोट कर्णाली र तमोर लगायत पश्चिम सेती यसका केही उदाहरणहरू हुन् ।

यसबीच गल्छी, रसुवागढीदेखि केरुङसम्मको ४०० केभी प्रसारण लाइन बनाउन नेपाल र चीन सहमत भएका छन् तर आयोजना निर्माणले तिब्रता पाएको छैन । यो प्रसारण लाइनमार्फत करिब ५ हजार मेगावाट बिजुली प्रवाह गर्न सकिने भनिएको छ । चीनतर्फको यो प्रसारण लाइन बन्ने भएपछि अहिले भारतले बंगलादेशसम्मको आफ्नो प्रसारण लाइन दिएर बंगलादेशमा नेपालको बिजुली बेच्न बाटो खोलिदिएको छ ।

यसले के देखाउँछ भने भारत नेपालको बिजुलीमा चिनियाँ लगानी हाबी हुनुभन्दा आफ्नो प्रत्यक्ष नियन्त्रणमा रहेको बंगलादेशको लगानी हाबी होस् भन्ने चाहन्छ । त्यसैले बंगलादेश र भारतमा नेपालको बिजुली सहजरूपमा बेच्नलाई पनि अब रसुवागढी-केरुङ प्रसारण लाइन निर्माण गरेर नेपाल र चीनबीचको ऊर्जा व्यापारको ढोका खोल्नुपर्ने भएको छ ।

त्यसैले नेपालले बरु रसुवागढी-केरुङ प्रसारणलाइनमा खुलेर लगानी गर्दा फरक पर्दैन । अहिलेको हाम्रो लगानीको प्राथमिकता चीनतर्फ र भारत हुँदै बंगलादेशतर्फको प्रसारण लाइनमा हुनुपर्छ, रेलमार्गमा होइन।

*(स्रोत: अनलाइनखबर)*

# कम्युनिस्टहरूको आवश्यकता : समूल अन्त्य कि एकता ?



✍ डा. अतीन्द्र दाहाल

स्थापना दिवसको सन्दर्भ पारेर हिजोआज कम्युनिस्ट पार्टीहरू पुन: एकताको भजन गाउन थालेका छन् । एमाले, माओवादीलगायतका सबै कम्युनिस्टहरू विगतमा पटक पटक फुट्दै, समय समयमा नाटकीय रूपमा जुट्दै आएका पनि हुन् । पूर्ण असफल भएका केही वयोवृद्ध नेताको अहमता र पछिल्लो पुस्ताका नेताहरूको हस्तक्षेपको अभावमा कम्युनिस्ट पार्टीहरूले शाख गुमाउँदै छन् । कम्युनिस्ट सिद्धान्त र चरित्रमा गम्भीर विचलन हुँदा पनि युवापुस्तामा तिनै नेताको चाकडी, कर्मकाण्डी नेतृत्वलाई देवत्वकरण र नि:सर्त सदर गर्ने आदत देखिन्छ । उनीहरूलाई विस्थापित गरेर आफू नेतृत्व लिन तयार नहुने युवा भनिने कायर पुस्ताको नालायकीपन झन् घृणालायक बन्दैछ । कम्युनिस्टहरूमा निष्ठा कम र घोर बदमासीपन बढी देखिँदैछ ।

सन् १९२१ आसपास चेन दुहिऊ र ली दयाजो नामका नेताको अगुवाइमा गठन भएको 'कम्युनिस्ट पार्टी अफ चाइना' अझै त्यहाँको सर्वशक्तिमान एवं एक्लो पार्टी छ । १९३० तिर स्थापना भएको 'कम्युनिस्ट पार्टी अफ भियतनाम' पनि हालसम्म एकाकार रूपमा छ । उत्तर कोरिया महाशक्ति अमेरिकालाई चुनौती दिने सामर्थ्य राख्छ । नेपालमा प्रजातन्त्रको अद्भुदयको समय २००७ सालको आसपास स्व. पुष्पलालको अगुवाइमा कम्युनिस्ट पार्टीको निर्माण भयो । तर विराट् विरासत बन्नुको सट्टा कम्युनिस्टहरूमा उराठ लाग्ने दलदलको कमजोर धरातल मात्र बन्यो । परिणामत: आज मसाल, मार्सल, एकीकृत, विकेन्द्रित, क्यास, ड्यास, नेकपा, नेकाप डबल, एकीकृत समाजवादी जस्ता नाममा लगभग दुई दर्जन कम्युनिस्ट पार्टीहरू छन् । नेपालमा कम्युनिस्ट पार्टीहरू निश्चित मिसनभन्दा पनि कुनै फेसनमा आधारित भएर खुलेका देखिन्छन् । संसारका केही कम्युनिस्ट शक्तिहरूको लोभलाग्दो कदबीच यहाँको अवस्था भने दयनीय छ । कम्युनिस्ट आन्दोलनलाई कुनै कालखण्ड सशक्त नेतृत्व गरेका बाबुराम भट्टराई, वैद्य, विप्लव, सीपी मैनाली, मोहन विक्रमजस्ता नेताहरू गुमराहमा देखिन्छन् । चोइटिएर तितरबितर छन् । कम्युनिस्टका नाममा विभिन्न खालका कचहरीहरूमा केन्द्रित छन् ।

कम्युनिस्ट पार्टीका कथित कचहरीमा त्यसै पार्टीका नेता कार्यकर्तालाई त जीवनमरणकै सवाल होला । लगानी र प्रतिफलको वारदात बन्ला, षड्यन्त्र र सफलताका वासलातका रूपमा रहला । तर यसका शुभेच्छुकहरू अथवा यो पङ्क्तिकारजस्तो राजनीतिशास्त्रको विद्यार्थीलाई समेत केही मर्माहतचाहिँ बनाउँछ । किनकि दलहरू निरन्तर फुट्नु तथा आन्तरिक लफडाबाजीको दलदलमा सदैव अल्मलिनु सबल प्रजातन्त्रका लागि निश्चय नै शुभ समाचार होइन । तसर्थ यसरी पार्टीहरू फुट्नु चाहिँ गलत नै हुन्छ तर एकीकृत र एकताबद्ध कम्युनिस्ट भनिएकाहरूबाट पनि नागरिकलाई खासै केही उल्लेख्य चाहिँ भएको छैन । कुनै पनि दल राजनीतिक शक्तिका रूपमा रहनुपर्छ कि पर्दैन भन्ने कुरा तीन मुख्य सिद्धान्तहरूका कसीमा मापन गरिन्छ । दलका नेता तथा सदस्यको सामाजिक जीवन चरित्र, सरकार तथा मातहतका निकायको कार्य सम्पादन, दल स्थापनाको औचित्य तीनवटै आधारले अब कम्युनिस्ट नामका र यही खाले कामका दलको आवश्यकता लगभग सकिएको आभास हुन्छ । कम्युनिस्ट चरित्र तथा आचरणमा आएको गम्भीर स्खलन यसको सबैभन्दा प्रमुख जड हो ।

**स्खलित चरित्र तथा आचरण**

आज कम्युनिस्ट भनिने अधिकांश नेताको जीवन तथा आचरण कम्युनिस्ट अनि समाजवादी चरित्र अनुरूप छैन । सर्वहाराका नेता भएको भ्रम छरेर सर्वभोगी र विलासी जीवन प्रिय बन्दैछ । पुस्तकालय मदिरालयमा फेरिएका छन् । जुवा, तास, लफडाबाजी, रामरमिता, भोगविलास, डिस्को, डान्सबार कम्युनिस्ट नेताका सन्तान र सन्ततिहरूका आत्मीय अखडा बन्दैछन् । नाजायज, अवैधानिक तथा नकमाएको धनदौलत थुपार्नमा अधिक लगाव राख्छन् र अविच्छिन्न उपासना गर्छन् । बुर्जुवा शिक्षा भनेर अरूलाई विद्यालयबाट बाहिर निकालेर आफूचाहिँ निजी शिक्षाको व्यापारमा व्यस्त छन् । अत्तर छर्केर हिँड्ने, उच्च कोटिका विदेशी सोमरसका साथमा राजसी ठाँटको चौरासी व्यञ्जन उनीहरूको प्रमुख दिनचर्या बन्दैछ । गोडा भएका कम्युनिस्टहरूलाई घोडा चाहिँदैन भन्नेहरू महँगा गाडी र हेलिकप्टरमा तडकभडकका साथ सवारी चलाउन उद्यत छन् । अधिकांश कम्युनिस्ट नेता व्यपारीभन्दा धनी छन् । रवाफिलो र भड्किलो जीवनशैली छ । आडम्बर र अहङ्कार कस्तो छ भने उनीहरू सामान्य नागरिक नभई असामान्य महासामन्त अथवा सम्भ्रान्त हुन् ।

अनियन्त्रित दम्भ तथा अविवेकी आचरण चुलिँदो छ । सादा जीवन भन्ने कुरा त दस्तावेजमा लेख्नलाई मात्र बनाइएको हो । नेताहरू 'लिडर'बाट 'डिलर'मा परिणत भएका छन् । उनीहरू राजनीतिलाई व्यापार ठान्छन्, नाफामा तल्लीन छन् । कालाबजारी, भ्रष्टाचार तथा तस्करीलाई दर्शन मान्छन् । घुस कमिसनखोरीलाई अमृतझैं पिउँछन् । कसैले उनीहरूको विरोध गरे विदेशी दलालको आरोप लाउँछन् । उपभोक्तावाद तथा क्रोनी क्यापिटालिजमको विस्तारलाई सहज हुने गरी नियम बनाउँछन्, साम्राज्यवादी आचरण देखाउँछन् । हरेकमा मुनाफा खोज्छन् । सबैको स्रोत र साधन आफ्ना लागि दोहन गर्न चाहन्छन् । परिवारवाद उनीहरूको अन्तिम ध्येय हुन्छ, उनीहरूले शोषक तथा सामन्ती भनेका राजा महाराजाहरूले त्यति राज्यको दोहन गरेनन् होला जति उनीहरू आफ्नो र परिवारको लागि गर्दैछन् । देश बनाउन होइन, आफू बन्नु मात्र उनीहरूको ध्येय हुन्छ । आर्की ब्राउनको पुस्तक 'द राइज एन्ड फल अफ कम्युनिजम'ले समेत संसारभर कम्युनिस्टहरूको आचरण पतनोन्मुख भएको देखाउँछ । अहिलेका हाम्रा कम्युनिस्टहरूको सामाजिक जीवन आचरण कुनै पनि हिसाबले समाजवादी दर्शन तथा आदर्शसँग मिल्ने प्रकारको छैन ।

**रूग्ण कार्यसम्पादन**

नेपालमा कम्युनिस्टहरू पटक पटक सरकारको नेतृत्व गर्दा वा सरकारको महत्त्वपूर्ण साझेदारीमा रहँदा पनि कार्यसम्पादन खासै उत्साहजनक देखिएन । बलात्कार, हत्या तथा हिंसाजस्ता कुरा झन् बढिरहे । निर्मला बलात्कार काण्ड, सुन काण्ड, गुठी विधेयक काण्ड, रुकुम काण्ड, बालुवाटार जग्गा काण्ड, सेक्युरिटी मास प्रिन्टर काण्ड, स्वास्थ्य सामग्री खरिद काण्ड, अयोध्या काण्ड, बेसारपानी काण्ड आदिका तरङ्गहरू कम्युनिस्टहरूकै समयमा आए । 'ओम्नी' र 'यति'ले दरैगरी कब्जा जमाएको देशलाई 'बतास'ले त उडाउला नै जस्तो पनि कम्युनिस्टकै समयमा देखियो ।

हरेक ठाउँमा सेटिङसहित साम, दाम, दण्ड, भेद सबैको प्रयोग गरेर सार्वजनिक संस्थान, निगम, विश्वविद्यालय, न्यायालयलगायत अन्य संस्थाहरूमा आफ्ना कार्यकर्ता भर्ती गर्ने र अपवादबाहेक तीनलाई सकेसम्म निकम्मा तथा कवाडी बनाउनेमा कम्युनिस्टहरू झन् माहिर देखिए । हरेक ठेक्कापट्टामा कमिसन, हरेक नियुक्तिमा नजराना तथा घुस, अनि निर्णयमा नियोजित सिन्डिकेट स्थापित बनाइयो । मजदुर, किसान, पिछडिएका वर्ग, श्रमिकहरू भोटका लागि मात्र प्रयोग गरिए । अरू बेला त व्यापारी, करछली गर्ने उद्योगी, नजराना चढाउने कमिसनखोर, दलाल तथा समाजलाई तर्साउने डन, देश तथा नागरिकलाई ठग्ने ठेकेदार घरबेटी, शोषण गर्ने खलनायकहरूसँग सत्सङ्ग तथा दिव्य मिलनमा र माए । सामन्तको टाउको छिनाउनेदेखि शोषकको सफाया गर्ने दुहाइ दिँदै सुरु भएका पार्टीका नेता आज आफै नयाँ सामन्तसँगै शोषकका रूपमा उदाएका छन् । नागरिकका लागि सार्वजनिक सेवा प्रवाह र विकास निर्माणचाहिँ झनै खस्किँदो छ । देशको सर्वपक्षीय विकास, आर्थिक उपार्जन, प्रभावकारी सेवा तथा नागरिक जीवनलाई गुणस्तरीय बनाउने कार्ययोजनामा ठोस प्रस्टता छैन । लेखक गोवर्द्धन रानाको पुस्तक 'साम्यवाद'मा लेखिएको छ 'झुट बोलेर नागरिकलाई झुक्याउनु नै कम्युनिस्टहरूको दार्शनिक धर्म हो' । साँच्चै यस्तै परिदृश्य उजागर हुँदैछ ।

दल त दलदलमा छँदैछन्, दलभित्रका समूह अहिले त गुट पनि नभएर गिरोहमा परिणत भएका छन् । गिरोहमा ,र आफूलाई फाइदा हुने कदम उठाइन्छ । चरम अवसरवादको प्रतीक्षा हुन्छ । आपसी मतान्तर जीवन, जनता, आदर्श, नीति तथा कार्यक्रममा नभई पदको बाँडफाँट र शक्तिको भोगका लागि हुन्छ । अब त यिनीहरूको स्थापनाको औचित्यसमेत सकिएको छ ।

> "आज कम्युनिस्ट भनिने अधिकांश नेताको जीवन तथा आचरण कम्युनिस्ट अनि समाजवादी चरित्र अनुरूप छैन ।"

**औचित्यको समाप्ति**

तत्कालीन माओवादीको उद्देश्य राजतन्त्र फालेर संविधान सभामार्फत गणतान्त्रिक संविधानको निर्माण थियो भने तत्कालीन एमालेको उद्देश्य पञ्चायती व्यवस्थाको उन्मूलन थियो । दुवै पार्टीको आधारभूत उद्देश्यसमेत पूरा भएकाले अब बाँकी नागरिक अपेक्षा पूरा गर्न नयाँ ढंगका दलहरूको आवश्यकता पर्छ । तत्कालीन शक्तिको प्रतिस्थापनपछि यी पार्टीहरूले नागरिकको अपेक्षाअनुसार काम गर्न सकेनन् । त्यही असक्षमताको असर अहिलेका कम्युनिस्टहरूमा पनि परेको हो ।

त्यसैले भविष्यमा विभाजित वा एकीकृत नै रहे पनि नागरिकको भलाइ र देशको हितमा गर्ने उनीहरूका गतिविधि केवल 'कागलाई बेल'जस्तो मात्रै हुनेछ । तत्कालै उदाहरणीय केही हुने अवस्था छैन । उनीहरूबीचका झगडा अनि नाटकीय शैलीमा हुने मेलमिलापले कसैको आडम्बरलाई जोगाउला तर कम्युनिस्ट आचरण, समाजवादी चरित्र तथा नागरिक अपेक्षालाई जोगाउन सक्ने ल्याकत देखिँदैन । भविष्यमा अन्य कोही कसैले नयाँ ढंगले अर्को नैतिक र इमानदार कम्युनिस्ट शक्ति गठन गर्न सक्ला । तर अहिलेकै गतिविधिलाई समाजले स्विकार्नुचाहिँ समाजवाद तथा कम्युनिजमको घोर खिल्ली उडाउनु मात्र हो । अब कम्युनिस्टहरूको राजनीतिक अभीष्टमाथि निर्मम समीक्षा आवश्यक छ । त्यसैले कम्युनिस्टहरूको एकता होइन, समूल अन्त्यचाहिँ सम्भावित देखिँदै गएको छ ।

*(साभार: रातोपाटी*

# एमालेको एकपछि अर्को शर्तले प्रधानन्यायाधीश नियुक्तिमा विलम्ब

काठमाडौं/प्रधान न्यायाधीशको नियुक्ति सिफारिसमा अझै विलम्ब हुने देखिएको छ । प्रमुख प्रतिपक्षी नेकपा एमालेले संवैधानिक परिषद्मा अध्यक्षको असहमतिका बाबजुद बहुमतले निर्णय गर्नसक्ने प्रावधान राख्नुपर्ने अडान लिएपछि बुधबार संसदले संवैधानिक परिषद् सम्बन्धी विधेयक पास गर्न सकेन ।

न्यायापालिका १४ महिनादेखि नेतृत्वविहीन छ । लामो समयसम्म न्यायालयलाई नेतृत्व दिलाउन नसकेको आलोचना भएपछि संवैधानिक परिषदका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सक्रियता बढाएका थिए ।

न्यायपरिषद सचिवालयले कामू प्रधानन्यायाधीश हरिकृष्ण कार्कीसहित सर्वोच्चमा ३ वर्ष बिताइसकेका न्यायाधीशहरुको सूची संवैधानिक परिषदमा पठाएको छ ।

४ वैशाख २०८० मा प्रमुख तीन दल (नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र) बीच प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाउने सहमति भएको थियो । प्रधानमन्त्री प्रचण्ड, सभामुख देवराज घिमिरे र कांग्रेस सभापति शेरबहादुर देउवा त्यो दिन एमाले अध्यक्ष केपी शर्मा ओलीको निवासमै पुगेका थिए । बालकोटमा भएको छलफलपछि तीनै दलका नेताहरुले प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाउने सहमति भएको बताएका गिए ।

यो सहमति अनुसार प्रधानमन्त्री प्रचण्डले ६ वैशाखमा संवैधानिक परिषदको बैठक राखे । नेताहरुका अनुसार उक्त बैठकमा प्रधानमन्त्री प्रचण्डले प्रधानन्यायाधीश नियुक्ति सिफारिसका लागि प्रस्ताव गरेका थिए । तर प्रमुख विपक्षी दलका नेता ओलीले संसदीय सुनुवाइ समिति गठन नभई सिफारिसको अर्थ नहुने बताए ।

संसदीय समिति गठन संसदमा दलहरुको उपस्थितिको आधारमा हुनुपर्ने एमालेको अडान थियो । अर्थात संसदीय समितिको नेतृत्व र सदस्यमा आफ्नो बलियो उपस्थिति सुनिश्चित गरेर मात्र अरु विषयमा प्रवेश गर्ने एमाले योजना थियो ।

त्यसमा कांग्रेस सहमत थिएन । किनकी प्रमुख प्रतिपक्षी दललाई सार्वजनिक लेखा समितिको मात्र नेतृत्व दिने परम्परा थियो । तर माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री प्रचण्ड एमालेसँग सहमति गरेर जाने पक्षमा देखिएपछि कांग्रेस पनि तयार भयो ।



कांग्रेसका प्रमुख सचेतक रमेश लेखक भन्छन्, 'प्रमुख विपक्षीलाई सार्वजनिक लेखा समितिको मात्रै नेतृत्व दिने परम्परा थियो । यो परम्परा ०४८ देखिकै हो । तर सहमतिमै जाऔं भनिएपछि हामीले तीन वटा समितिको नेतृत्व प्रमुख प्रतिपक्षीले गर्ने भन्ने सहमति गरेका हौं ।'

११ वैशाखमा बसेको तीन दलका शीर्ष नेताहरुको बैठकले दुई संयुक्त समितिमध्ये सांसदीय सुनुवाइको नेतृत्व कांग्रेस र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिको सभापति एमालेले लिने सहमति भयो । प्रतिनिधिसभाको १० विषयगत समितिमध्ये लेखा र अर्को एउटा एमालेलाई दिने सहमति भयो । नेताहरुका अनुसार अर्थ समितिको सभापति एमालेले लिने करिव-करिव सहमति छ ।

साथसाथै, प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाउन 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक' फास्ट ट्र्याकमा पारित गर्ने सहमति भएको थियो ।

सोही अनुसार बुधबार संसदको सम्भावित कार्यसूचीमा संवैधानिक परिषदसम्बन्धी विधेयकमाथि सदनमै दफावार छलफल र पारित गर्ने राखिएको थियो । बिहीबार राष्ट्रिय सभाबाट पनि विधेयक पारित गर्ने तयारीका साथ प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनालाई भेटेका थिए । तर अन्तिम समयमा आएर संवैधानिक परिषद्सम्बन्धी विधेयक संसदमै रोकिएको छ ।

**अध्यक्षबाहेकको बहुमतको माग**

संसद बैठकअघि सभामुख घिमिरेले कार्यव्यवस्था परामर्श समितिको बैठक बोलाएका थिए । त्यहाँ एमालेले संवैधानिक परिषदका अध्यक्ष सहमत नभए पनि बहुमत सदस्यले कार्यसूची तय गर्नुका साथै निर्णय गर्नसक्ने व्यवस्था गर्नुपर्ने नयाँ प्रस्ताव ल्यायो ।

संसदमा विचाराधीन विधेयकमा संवैधानिक परिषदको अध्यक्षको निर्देशनमा सचिवले बैठकको मिति, समय र स्थान तथा छलफलका विषय सूची तय गर्ने व्यवस्था छ । कुनै सदस्यले अन्य विषयमा छलफल गराउन चाहे अध्यक्षको अनुमति लिएर प्रस्ताव राख्न सक्छन् । बैठकमा सबै सदस्य उपस्थित हुनुपर्छ र प्रत्येक विषयको निर्णय सर्वसम्मतिको आधारमा हुनुपर्ने व्यवस्था छ ।

यसरी बोलाएको बैठकमा सबै सदस्य नआएमा अर्को बैठकमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्न सक्छ । र, कुनै पनि विषयमा सर्वसम्मतिबाट निर्णय हुन नसके अध्यक्ष र तत्काल कायम रहेका कम्तीमा ५० प्रतिशत सदस्यको बहुमतले निर्णय गर्न सक्छ । अर्थात जुनसुकै अवस्थामा संवैधानिक परिषद्का अध्यक्ष (प्रधानमन्त्री)को सहमति चाहिन्छ । संवैधानिक परिषद्को अहिलेसम्मको अभ्यास यही हो ।

केपी शर्मा ओली नेतृत्वको सरकारले दुई पटक अध्योदश ल्याउँदा पनि अध्यक्षसहित उपस्थित सदस्यको बहुमतबाट निर्णय गर्नसक्ने प्रावधान राखिएको थियो ।

तर अहिले अध्यक्ष सहमत नभए पनि बहुमत सदस्यले निर्णय गर्नसक्ने व्यवस्था गर्नुपर्ने एमालेको अडान छ । संवैधानिक परिषदमा अध्यक्षको सहमति अनिवार्य गर्ने प्रावधानले समितिको बहुमतलाई अस्वीकार गर्न खोजेको भन्दै एमाले प्रमुख सचेतक गिरी भन्छन्, 'सवैधानिक परिषद्का अध्यक्षले नमान्दा कुनै निर्णय पनि नहुने गरी जुन प्रस्ताव आएको छ, त्यो सच्याउनुपर्छ ।'

सत्तारुढ दलहरु भने यसमा सहमत छैनन् । किनकी एमालेले भने जस्तो व्यवस्था गर्ने हो भने संवैधानिक परिषदमा अध्यक्ष (प्रधानमन्त्री)को सहमति विना नै निर्णय हुनसक्छ ।

प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषदमा सभामुख, राष्ट्रिय सभा अध्यक्ष, विपक्षी दलका नेता, उपसभामुख र प्रधानन्यायाधीशसदस्य रहन्छन् । प्रधानन्यायाधीशको नियुक्ति सिफारिस गर्ने कार्यसूचीमाथिको छलफलमा भने कानुन न्याय तथा संसदीय मामिलामन्त्री परिषद सदस्यको रुपमा रहने संवैधानिक व्यवस्था छ ।

सभामुख देवराज घिमिरे र राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना एमालेबाट निर्वाचित भएका हुन् । एमाले अध्यक्ष ओली आफैं प्रमुख विपक्षी दलको नेताको हैसियतमा सदस्य छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट उपसभामुख भएकी इन्दिरा रानाको समर्थन जुटाउने हो भने उनीहरुको बहुमत पुग्ने अवस्था बन्ने सत्तारुढ दलहरुको विश्लेषण छ । त्यसैले उनीहरु सहमत छैनन् ।

त्यसैले संसदको यो अधिवेशनले संवैधानिक परिषद् सम्बन्धी विधेयक पास गर्ने सम्भावना कम रहेको नेताहरु बताउँछन् । सत्तारुढ दलका एक नेताका अनुसार बिहीबार बस्ने मन्त्रिपरिषद् बैठकले संसदको चालु अधिवेशन अन्त्य गर्न सिफारिस गर्न सक्छ र पर्सि बोलाएको बैठक अधिवेशनको अन्तिम बैठक हुनसक्छ ।

त्यसो भएमा सर्वोच्च अदालतका प्रधानन्यायाधीशको नियुक्ति प्रक्रिया थप लम्बिनेछ ।

जबकि १ फागुन २०७८ मा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्ध प्रतिनिधिसभामा महाअभियोग दर्ता भएपछि न्यायालय नेतृत्वविहीन छ । जबराले २७ मंसिर २०७९ मा उमेर हदका कारण अनिवार्य अवकाश पाएपछि पनि प्रधान्यायधीश नियुक्ति प्रक्रिया अघि बढ्न सकेको छैन ।

पूर्वन्यायाधीश बलराम केसी जे विषयमा पनि राजनीति गर्ने, जहाँ पनि सौदाबाजी र भागवण्डा खोज्ने गलत राजनीतिक प्रवृत्तिको शिकार न्यायालय हुन पुगेको बताउँछन् । 'संवैधानिक परिषदमा समस्या आएको तत्कालिन प्रधानमन्त्री ओली र तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रका कारणले हो । अध्यादेशबाट कानुन ध्वस्त पारियो । ३ जनाले निर्णय गरे' उनी भन्छन्, 'आफैंले खडा गरेको समस्या समाधान गर्न अहिलेको विपक्षीले कहिले पनि सकारात्मक सोच्दैन ।'

१४ महिनादेखि न्यायालय नेतृत्वविहीन भयो भनेर सरकारलाई घचघच्याउनुपर्ने विपक्षी आफैं वाधक भइराखेको उल्लेख गर्दै उनी भन्छन्, 'हाम्रो कोटाबाट प्रधानन्यायाधीश नियुक्ति नहुने अवस्थामा किन सहयोग गर्ने भन्ने जस्तो व्यवहार देखिन्छ ।'

यसको दीर्घकालीन समाधानका लागि संवैधानिक परिषदको साटो न्यायपरिषदबाटै प्रधानन्यायाधीशको नाम सिफारिस हुनुपर्ने उनको तर्क छ ।

'किचकिचे विपक्षी र सरकार टिकाउन धौधौ पर्ने सत्तारुढ छ । यसको शिकार न्यायालयलाई बनाउने होइन', उनी भन्छन्, 'बरु संविधान संशोधन गरेर प्रधान न्यायाधीशको नियुक्ति सिफारिस संवैधानिक परिषदको सट्टा न्याय परिषदबाट गर्ने गरी जान सक्दा सही र दीर्घकालीन रुपमा समस्या समाधान हुनसक्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# झन् बढ्दै तारको जालपासो

काठमाडौं/स्थानीय जनजीवन, वास्तुकला र सांस्कृतिक धरोहरहरूले भरिएको काठमाडौं उपत्यकाका सडक र गल्लीको यात्रालाई आफैंमा नौलो अनुभवका रुपमा लिइन्छ । तर, सबैजसो भागमा लत्रेका र गुजुल्टिएका तारले यो शहरको मौलिक सौन्दर्य नियाल्नेहरुको आँखा नबिझाउने कुरै भएन ।



बिजुली र टेलिकमका पोलहरुमा बेरिएका यस्ता तारका गुजुल्टाले काठमाडौंलाई यसरी घेरेको छ, मानौं काठमाडौं शहर नै तारको गाँठोभित्र छ । शहरमा यस्ता पोलमा बारम्बार लाग्ने आगोले पैदलयात्रीदेखि स्थानीयसम्म त्रसित बन्नुपर्ने अवस्था छ । यस्ता पोल र तार सहरभित्र पासोजस्तै बनेका छन् ।

विज्ञहरुका अनुसार काठमाडौंको लागि यस्तो भद्रगोल तार सादा पानामा मसीको धब्बा जस्तै बनेका छन् । पुरातात्विक महत्वको शहरको सौन्दर्य र मौलिकपन समेत तारकै गुजुल्टोभित्र हराएका छन् ।

स्थानीय जनजीवनदेखि पर्यटकीय गतिविधिसम्ममा यसले पारेको प्रभाव हेरेर समाधान खोज्न अहिलेसम्म कोही ठोस योजनासहित अघि सरेका छैनन् । सन् २०१४ मा भएको १८औं सार्क शिखर सम्मेलनदेखि काठमाडौंमा तार व्यवस्थापनको प्रयास सुरु भएको थियो । तर, विशिष्ट विदेशी पाहुना आउँदा विमानस्थलबाट सिंहदरबार र तारे होटलहरु जाने रुटको तार सामान्य व्यवस्थापन गर्नेबाहेक अरु प्रयास भएन ।

चेतावनीको सूचना निकाल्ने, सचेत गराउँदै पत्र लेख्ने, तर कारबाही नगर्ने अनि व्यवस्थापनको काम नै नथाल्ने सरकारी परिपाटीले काठमाडौंमा तारको जालो बढाएको छ । तारको जालो बढाएका इन्टरनेट, टेलिभिजन केबल प्रदायक र अन्य सेवा अपरेटरहरू तार टाँग्न पोल दिने निकाय नेपाल विद्युत् प्राधिकरण र नेपाल टेलिकमसँग भाडा विवादमा अल्मलिएका छन् ।

तारसहितको इन्टरनेटको बढ्दो लोकप्रियताले पोलहरूमा तारको मात्रा बढदो छ । सेवा सुधार गर्ने प्रयासमा स्विच र रिपिटर बक्सहरू थप्ने काम भइरहेको छ । १ करोड ५ लाख ४६ हजार ग्राहक तारसहितका इन्टरनेट पहुँचमा पुगेको नेपाल दूरसञ्चार प्राधिकरणको गत पुससम्मको तथ्यांकले देखाउँछ ।

अहिले निजी स्तरका इन्टरनेट सेवा प्रदायकको ग्राहक मात्र करिब ९५ लाख छन् । कोरोना महामारीपछि भरपर्दो इन्टरनेटका लागि तारसहितको इन्टरनेट प्रयोगकर्ताको संख्या बढेको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेल बताउँछन् ।

**दुई महानगरको प्रयास**

मंगलबार एक सूचना जारी गर्दै काठमाडौं महानगर पालिकाले १५ दिनको सयमसीमा दिएर अव्यवस्थित तार व्यवस्थापन गर्न र अनावश्यक हटाउन सम्बद्ध सबै पक्षलाई निर्देशन दिएको छ । काठमाडौंका पोलहरुमा देखिएकामध्ये करिब ७० प्रतिशत तार प्रयोगविहीन र काम नलाग्ने अवस्थाको भएको नेपाल दूरसञ्चार प्राधिकरणको अनुमान छ । ललितपुर महानगर पालिकाले चारवटा अशोक स्तुप क्षेत्र, कुम्भेश्वर मन्दिर परिसर, पाटन दरबार क्षेत्र, कुपण्डोल-सातदोबाटो सडक र मच्छिन्द्रनाथको रथ जात्रा हुने सडकमा तार व्यवस्थापनको काम थालिसकेको छ । महानगरकी उपप्रमुख मञ्जली शाक्य बज्राचार्यको संयोजकत्वमा बनेको कार्यदलले तार व्यवस्थापनका लागि सरोकारवालासँग छलफल, समन्वय र निर्देशन दिने काम गरिरहेको छ ।

काठमाडौंमा अस्तव्यस्त भएको तार व्यवस्थापनको मुद्दा नयाँ होइन । २३ फागुन, १८ पुस र १५ कात्तिक २०७९ मा सार्वजनिक सूचना निकालेर नेपाल विद्युत प्राधिकरणले समयसीमा तोकेरै तार व्यवस्थापन गर्न भनेको थियो । तर, इन्टरनेट सेवा प्रदायक, केबुल टिभी प्रसारक कम्पनी र नेपाल टेलिकमलगायतले प्राधिकरणको निर्देशन मानेनन् ।

पोलमा जथाभावी टाँगिएका तार र झुन्ड्याइएका विद्युतीय बक्सहरुले काठमाडौं कुरुप भएको छ । लत्रिएका तारमा परेर रातको समयमा मोटरसाइकल चालकहरु दुर्घटनामा पर्ने, पोलहरुमा आगो लागेर विभिन्न सेवा एकैपटक अवहरुद्ध हुने समस्या पनि बढ्दो छ ।

टांगेर बाँकी रहेको तार समेत पोलमा बेरेर झुन्ड्याउने प्रवृत्ति छ । पोलले क्षमताभन्दा धेरै भार बोक्नु परेपछि पोल ढल्किने र लड्ने समस्या पनि छ । कम्पनीहरुले नयाँ तार फेरिपछि पुरानो तार र उपकरण ननिकाल्ने प्रवृत्तिका कारण पनि तार व्यवस्थापन यति विधि भद्रगोल भएको काठमाडौं महानगर पालिकाको निष्कर्ष छ ।

त्यसआधारमा तार टांग्ने सबै सरोकारवाला निकाय, कम्पनी र सेवा प्रदायकका संघ तथा तिनका छाता संगठनलाई महानगरले पत्र नै काटेर १५ दिनभित्र तार व्यवस्थापन नगरे आफैं हटाउने र त्यसबाट उत्पन्न हुनसक्ने समस्याको जिम्मेवारी सम्बद्ध कम्पनीहरुले नै लिनुपर्ने बताएको छ ।

(स्रोत: अनलाइनखबर)

# सगरमाथा चढ्ने आरोहीबाट नेपाललाई ७३ करोड राजस्व, ४६३ जनाले लिए अनुमति

काठमाडौं/यस वर्षको वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि ४५० भन्दा बढी आरोहीले अनुमति लिएका छन् । पर्यटन विभागका अनुसार बुधवारसम्म ४२ आरोही समूहका ४६३ आरोहीले सगरमाथा आरोहणको अनुमति लिएका हुन् ।



पर्वतारोहण शाखाका शाखा अधिकृत विज्ञान कोइरालाका अनुसार अब दुई/तीन जना नेपाली र केही विदेशी सगरमाथा आरोहणको अनुमति लिने प्रक्रियामा छन् । समग्रमा यो वर्षको वसन्त ऋतुमा करीब ४७० आरोहीले अनुमति लिने विभागको अनुमान रहेको छ ।

अनुमति लिएका आरोही अहिले सगरमाथाको आधार शिविर र दोस्रो शिविरमा आरोहणको प्रतीक्षामा छन् ।

सगरमाथाको चौथो शिविरसम्म आइसफल डाक्टरले बाटो बनाइसकेका छन् । सगरमाथाको चुचुरोमा डोरी टाँगेपछि आरोहण शुरू हुन्छ । सरकारले सगरमाथा आरोहण अनुमतिबाट मात्रै ७३ करोड ७४ लाख रुपैयाँ राजस्व संकलन गरेको छ ।

# उपचार गर्न विशिष्टहरु विदेशतिर, वीरको भीभीआईपी कक्ष प्रयोगविहीन

काठमाडौं/देशकै जेठो वीर अस्पतालको दक्षिणतर्फको भवनको दोस्रो तलामा उक्लनेबित्तिकै दाहिनेतर्फ 'भीआइपी/भीभीआईपी क्याबिन' पुगिन्छ ।

राष्ट्रपति, प्रधानमन्त्री, सभामुख लगायत संवैधानिक अंगका प्रमुखलाई उपलब्ध हुने भीभीआईपी क्याबिनमा बेड साइड मनिटर, सेन्ट्रल अक्सिजन पाइपलाइन, सक्सन, भेन्टिलेटर, सिटी स्क्यान, एमआरआई, डिफिब्रिलेटर लगायत आपतकालीन उपचारका उपकरण यहाँ छन् । उपचारका लागि विशेषज्ञसहित मेडिकल टिम र सफाइ कर्मचारीलाई पनि तयारी अवस्थामा राखिएको हुन्छ ।

अरु सुविधा पनि पाँच तारे होटलको जस्तै छ । भित्तामा वालपेपर टाँसिएको छ, सुविधाजनक बेड, सोफा, एयर कन्डिसन, एटेज बाथरुम, चित्ताकर्षक बत्ती र पर्दाहरू छन् । यसबाहेक आगन्तुकसँग भेटघाट गर्ने, परिवारका सदस्य सुत्ने छुट्टै सुविधाजनक ठाउँ र भान्साकोठा पनि छ । २०३५ सालदेखि सञ्चालनमा आएको यो भीभीआईपी कक्षमा २०४६ सालयता कोही भर्ना भएका छैनन् । भीआईपी कक्षमा यदाकता नेताहरु जाने गरेपनि बहुदल र लोकतन्त्रकालमा भीभीआईपी कक्षमा उच्च पदस्थहरुले उपचार लिएका छैनन् । कुनै समय राजपरिवारका सदस्यहरुले प्रयोग गर्ने यो भीभीआईपी क्याबिन जस्तै कक्षको भित्तामा झुन्डाइएको भित्ते घडी पनि बर्षौंदेखि बन्द छ ।

धुलोबाट जोगाउन प्लास्टिकले छोपिएका उपकरण तथा बेड सात-सात दिनमा पुछपाछ गरिन्छ । भीभीआईपी कक्षकी नसिङ इन्चार्ज सीता घिमिरे गुणस्तरीय तथा सुविधायुक्त उपचार कक्ष प्रयोग गर्न नचाहनुको कारण अहिलेसम्म बुझ्न नसकिएको बताउँछिन् ।

उनले बुझ्न नसकेको हो वा नचाहेको हो तर कुरा सिधा छ- भीभीआईपीहरु बिरामी परेका बेला उपचार गर्न वीर अस्पतालको साटो विदेशतिर जान्छन् । यसले एकातिर वीरमा गरिएको लगानी व्यर्थ भइरहेको छ भने अर्कातिर त्यही सेवाका लागि राज्यकोषबाट वर्षेनी करोडौं रूपैयाँ विदेशिरहेको छ ।

नेपालमा उपचार सम्भव नभएको अवस्थामा विदेश जानुलाई अन्यथा भन्न मिल्दैन । तर, नेपालकै अस्पतालमा उपचार हुने रोगको लागि पनि विदेश जाने क्रम बढिरहेको छ । पछिल्लो उदाहरण हुन राष्ट्रपति रामचन्द्र पौडेल ।

राष्ट्रपति पौडेल छातीको तल्लो भागमा भएको संक्रमणको थप उपचार गराउन ६ वैशाखमा दिल्लीस्थित अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (एम्स) गएका छन् । जबकी, एम्सबाटै छाती रोग विषयमा डीएम उपाधि हासिल गरेका तीन जना बरिष्ठ कन्सल्ट्यान्टहरु वीर अस्पतालमा कार्यरत छन् ।

वीर अस्पतालका वरिष्ठ मिर्गौला रोग विशेषज्ञ अनिल बराल नेपालमै उपचार हुने रोग निदानका लागि पनि विदेश धाउने प्रवृत्ति दिक्कलाग्दो भएको बताउँछन् । उनले भने, 'नेपालका विशेषज्ञ डाक्टर कहलाएका हामी त कोही र केही नहुनेलाई मात्रै हेर्ने डाक्टर भयौं !'

राष्ट्रपति उपचारका लागि भारत गएको विषयमा प्रश्न उठेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रपतिले नेपालमै उपचार गर्न चाहेको, आफूले भारतमा जान परामर्श दिएको सार्वजनिक अभिव्यक्ति दिएका छन् । जवाफमा मुटुरोग विशेषज्ञ रामेश कोइरालाले वीर अस्पतालको भीआईपी उपचार कक्ष भत्काउन सुझाएका छन् । उनले प्रधानमन्त्रीलाई सम्बोधन गर्दै फेसबुकमा लेखेका छन्, 'कृपया वीर अस्पतालको भीआईपी उपचार कक्ष डिसम्यान्टल (भत्काएर) गरेर दिल्लीको एम्समै बनाइदिन अनुरोध छ । त्यति गरे सो कक्षले अनाहकमा ओगटेको ठाउँमा २० शय्याको सर्वसाधारण जनतालाई चाहिने थप 'जनरल वार्ड' त बन्नेथ्यो । नत्र सुलभ शौचालय बनाए पनि हुन्छ ।'

**कार्यविधि मिचेर उपचार खर्च**

मन्त्रिपरिषदबाट निर्णय गरेर राजनीतिक पहुँचको भरमा मनलाग्दी उपचार खर्च दिने प्रचलन बढेपछि जनस्वास्थ्य ऐन-२०७५ ल्याइएको थियो, जसमा नेपालमा सम्भव भएका उपचारका लागि विदेश जाँदा आर्थिक सहायता उपलब्ध नहुने व्यवस्था छ । सरकारले आर्थिक सहायता दिन नेपालमा उपचार नभएको भनेर मेडिकल बोर्डबाट सिफारिस गर्नुपर्छ । मेडिकल बोर्डको अध्यक्ष वीर अस्पतालको निर्देशक रहन्छन् । वीरका एक पूर्वनिर्देशक भन्छन्, 'देशमै उपचार गर्न सकिने खालको रोग हुन्छ, तर पहुँचको आधारमा जसरी पनि बाहिरका लागि सिफारिस गर्न दबाव दिन्छन् ।' उनको अनुभवमा सरकारी ओहोदामा रहेका व्यक्तिको उपचार सम्भव हुँदा पनि विशेषज्ञ तथा निजी चिकित्सकले जोखिम लिन चाहँदैनन् ।

गत कात्तिकमा डेंगु संक्रमण भएपछि १३ दिन वीर अस्पतालको भीआईपी कक्षमा बसेर उपचार गरेका तत्कालीन राज्यमन्त्री हिराचन्द्र केसी भन्छन्, 'वीरबाट पाइने सेवाबारे बाहिर जुन भ्रम थियो, उपचारपछि मेरो धारणा परिवर्तन आयो ।' *(अनलाइनखबरबाट)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

"तपाई हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।

www.sajhakuranews.com

# डीनाको निर्वाचन खर्च साढे २८ लाख

साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ नेपाली कांग्रेसबाट मकवानपुरको क्षेत्र नम्बर १ मा उम्मेदवार रहेकी महालक्ष्मी उपाध्याय (डीना) र आनन्दराम पराजुलीले निर्वाचन खर्च विवरण सार्वजनिक गरेका छन् ।



कांग्रेस सहमहामन्त्री डीनाले गत ४ मंसिरमा भएको प्रतिनिधिसभा निर्वाचनमा २८ लाख ५७ हजार ४ सय २८ रुपैयाँ खर्च गरेको विवरण निर्वाचन आयोगमा बुझाएकी छिन् । उनले वडा कार्यालय सञ्चालनमा २० लाख, सचिवालय सञ्चालन खर्च ६ लाख २ हजार ८ सय ७८ रुपैयाँ, कार्यालय घरभाडा खर्च एकलाख ५ हजार, खाजा नास्ता खर्च ६७ हजार ५० रुपैयाँ र इन्धनमा ८२ हजार ५ सय रुपैयाँ खर्च भएको उल्लेख गरेकी छिन् । मकवानपुर क्षेत्र नम्बर १ को प्रदेशसभा (ख)का उम्मेदवार आनन्दराम पराजुलीले १२ लाख २७ हजार ६ सय २८ रुपैयाँ खर्च गरेको विवरण बुझाएका छन् । निर्वाचनमा डीना र पराजुली दुवै पराजित भएका थिए ।

वडा कार्यालय सञ्चालनमा ६ लाख, सचिवालय खर्च ४ लाख ८२ हजार १ सय ५८ रुपैयाँ, कार्यालय घर भाडा ६० हजार रुपैयाँ, चिया नास्ता र खानामा ४२ हजार ९ सय ७० र पेट्रोल डिजलमा ४२ हजार ५ सय रुपैयाँ खर्च भएको विवरण बुझाएका हुन् । मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ अन्तर्गत् प्रदेशसभा (क)बाट निर्वाचित बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले पनि निर्वाचन खर्च विवरण सार्वजनिक गरेकी छिन् । प्रदेशसभा निर्वाचनमा उनले ८ लाख ४९ हजार ४ सय ९९ रुपैयाँ खर्च गरेको जनाएकी हुन् । नेकपा माओवादी केन्द्रबाट विजयी मोक्तानले निर्वाचन आयोगमा बुझाएको विवरणमा मुख्य शीर्षकको खर्चमध्ये सबैभन्दा धेरै खर्च चुनाव चिन्ह झण्डा निर्माण र प्रचार प्रसारमा २ लाख ५३ हजार, गाडी भाडामा एक लाख ४३ हजार, कुर्सी टेवुल, साउण्ड सिस्टममा एक लाख २७ हजार, खाजा खानामा ९८ हजार सातसय रुपैयाँ खर्च भएको छ ।

नमुना मतपत्र छपाई पर्चामा एक लाख ८० हजार, उम्मेदवार पर्चामा २० हजार, मतदाता नामावली र स्वस्तिक चिन्हमा १६ हजार, हाते पर्चामा २० हजार रुपैयाँ खर्च भएको आयोगमा बुझाएको खर्च विवरणमा उल्लेख छ । मकवानपुरबाट प्रदेशसभामा स्वतन्त्र उम्मेदवार रहेका प्रमोद गोपालीले पनि खर्च विवरण सार्वजनिक गरेका छन् । उनले निर्वाचनमा ३६ हजार तीनसय रुपैयाँ खर्च गरेको निर्वाचन आयोगमा बुझाएको विवरणमा उल्लेख छ । अर्का स्वतन्त्र उम्मेदवार पदमबहादुर लामाले भने निर्वाचनमा आफुले खर्च नगरेको विवरण सार्वजनिक गरेका छन् ।

यसैगरी, बागमती प्रदेश सांसद प्रेमबहादुर पुलामीको चुनावी खर्च २१ लाख ११ हजार ६ सय ८ रुपैयाँ रहेको छ । मकवानपुर निर्वाचन क्षेत्र प्रदेश सभा १ को (क) बाट निर्वाचित प्रदेशसभा सदस्य पुलामीले निर्वाचन खर्च सार्वजनिक गरेका छन् । उम्मेदवार हुँदा २१ लाख ११ हजार ६ सय ८ रुपैयाँ खर्च गरेको विवरण उनले सार्वजनिक गरेका हुन् । जिल्ला निर्वाचन कार्यालय मकवानपुर मार्फत निर्वाचन आयोगमा पुलामीले बुझाएको खर्च विवरणमा सबैभन्दा धेरै निर्वाचन परिचालनको लागि बनाइएको वडा स्तरीय कार्यालयहरु सञ्चालनको लागि १४ लाख रुपैयाँ खर्च भएको उल्लेख छ । सचिवालय सञ्चालन गर्दा चार लाख ५२ हजार एकसय ५८ रुपैयाँ, चुनाव प्रचारप्रसारको क्रममा खाजा खानामा एक लाख २७ हजार एक सय ५० रुपैयाँ खर्च भएको विवरणमा उल्लेख छ ।

निर्वाचन प्रचार-प्रसाररको क्रममा प्रयोग भएको सवारी साधनमा पेट्रोल, डिजेल हाल्न ७७ हजार तीनसय रुपैयाँ खर्च भएको र वडा सचिवालयको भाडा तिर्न ५५ हजार रुपैयाँ खर्च भएको आयोगमा बुझाएको विवरणमा उल्लेख छ । मकवानपुर निर्वाचन क्षेत्र प्रदेशसभा १ को (क) का स्वतन्त्र उम्मेदवार जीवन गोलेले पनि निर्वाचन खर्च विवरण सार्वजनिक गरे । उनले निर्वाचन आयोगमा बुझाएको विवरणमा दुई लाख १६ हजार एकसय रुपैयाँ खर्च भएको उल्लेख छ । गोलेले झण्डामा तीन हजार ६ सय, फ्लेक्स बोर्डमा पाँच हजार, स्वस्तिक छाप स्ट्याम्प र पर्चामा १२ हजार पाँचसय, नमुना मतपत्रमा ५० हजार, यातायातमा एक लाख २० हजार, खाना र खाजामा १५ हजार र सुचना तथा सञ्चारमा ५ हजार खर्च गरेको विवरण आयोगमा बुझाएका छन् ।

# सिंह भैरव विद्यालयको अभिभावक भेला




साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ जिल्लाको उत्तरी क्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिका-४ मा रहेको सिंह भैरव आधारभूत विद्यालयको अभिभावक भेला भएको छ ।

गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको प्रमुख आतिथ्यता र विद्यालय व्यवस्थापन समिति अध्यक्ष विवश लामाको सभाध्यक्षतामा भएको भेलामा विद्यालयमा उतीर्ण हुने विद्यार्थीहरुलाई पुरस्कार पनि वितरण गरिएको थियो । भेलालाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष पुडासैनीले विद्यालयले गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने बताए । उनले विद्यालयको भौतिकदेखि शैक्षिक क्षेत्रको विकासमा गाउँपालिकाले आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए । पुडासैनीले विद्यालय भवन अपुग भएकाले संघ र प्रदेश सरकारसँग भवन निर्माणको लागि पहल गर्ने बताए ।

भेलामा इन्द्रसरोबर-४ अध्यक्ष चन्द्रकुमार बल, ४ नम्बर वडा सदस्यहरु आइमान भ्लोन, सबित्री सुनार, गाउँपालिकाको शिक्षा शाखा अधिकृत धर्मानन्द पन्तलगायतको आतिथ्यता रहेको थियो । भेलामा प्रतिवेदन विद्यालयका प्रधानाध्यापक भीमबहादुर स्याङ्तानले प्रस्तुत गरेका थिए । सिंह भैरव आविमा ६५ जना विद्यार्थी अध्ययनरत् छन् ।

# अपाङ महासंघलाई अनुरोध पत्र

साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ कोशिश मकवानपुरले मनोसामाजिक सु-स्वास्थ्यको सवालमा राष्ट्रिय अपाङ महासंघ नेपाल, बागमती प्रदेशलाई अनुरोध पत्र बुझाएको छ ।



मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चितताका लागि मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको राष्ट्रिय अपाङ महासंघ नेपालका विभिन्न तह र तप्कामा अर्थपूर्ण प्रतिनिधित्व भएमा थप प्रभावकारी र न्यायोचित हुने भन्दै अनुरोध पत्र बुझाइएको हो । राष्ट्रिय अपाङ महासंघ नेपाल, बागमती प्रदेश अध्यक्ष अस्बिन लम्साललाई अनुरोध पत्र बुझाएका हुन् । अपाङ्गताको क्षेत्रमा गरेको नेतृत्वदायी भूमिकामा मनोसामाजिक सु-स्वास्थ्यको सवाललाई पनि ग्रहण गर्न अनुरोध गरिएको हो ।

'दश प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको छाता संस्था अपाङ महासंघमार्फत मनोसामाजिक स्वास्थ्यको सवालमा पनि ध्यान दिनको लागि हामीले अनुरोध गरेका हौं' कोशिस मकवानपुरको पैरवी अधिकृत सुनिरा लामाले भनिन् । महासंघ मार्फत सरोकारवाला निकायको हक हित र अधिकार सुनिश्चित गर्ने काममा आफूहरुले पनि हातेमालो गर्न चाहेको लामाले बताइन् । पछिल्लो जनगणना २०७८ साल अनुसार नेपालमा मनोसामाजिक अपाङ्गता भएकाहरु ४ दशमल २८ प्रतिशत अर्थात १३ हजार ७२ जना पुरुष र १४ हजार ९ सय ७३ जना महिला छन् । बागमती प्रदेशमा मात्रै महिला २ हजार ७ सय ९७ जना र पुरुष २ हजार ८ सय ६३ जना रहेको छन् । मकवानपुर जिल्लामा महिला २ सय ३० र पुरुष २ सय ९४ रहेका छन् ।

मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाई शुत्रबद्ध गर्ने उदेश्यले मकवानपुरको भिमफेदी लगायतका हेटौंडा उपमहानगर अन्तर्गतका वडाहरुमा सञ्जाल गठन भएको र बागमती प्रदेशको हकमा सञ्जालको गठन गरिएको छ । सञ्जालमार्फत अधिकारको क्षेत्रमा विभिन्न योगदान गर्दै आएको उनले बताइन् । उक्त सञ्जालमार्फत् प्रदेश तहदेखि स्थानीय तहसम्म विभिन्न किसिमका अधिकार सम्बन्धी बैठक, क्षमता अभिवृद्धि तथा ध्यानाकर्षण पत्र सम्प्रेषमा सक्रिय प्रतिनिधित्व रहदैं आएको लामाले बताइन् । अनुरोध पत्र बुझ्दै अध्यक्ष लम्सालले आफू र आफ्नो संस्थागत सहकार्यमा कुनै कमी नआउने बताए ।

# निर्माण सामग्री संघद्वारा क्यालेण्डर सार्वजनिक



साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ निर्माण सामग्री व्यवसायी संघ मकवानपुरले आफ्नो वार्षिक क्यालेण्डर सार्वजनिक गरेको छ ।

संघले बुधबार हेटौंडामा औपचारिक कार्यक्रम आयोजना गरी वार्षिक योजनासहित नयाँ वर्ष २०८० को क्यालेण्डर सार्वजनिक गरेको हो । लामो समयदेखि निर्माण सामग्री व्यवसायीको हितमा काम गरेको संस्थाले आगामी वर्ष थप कार्यक्रम आयोजना गर्ने तयारी गरेको संघका सचिव सुदिप तिमिल्सनाले जानकारी दिए । क्यालेण्डर सार्वजनिक लगत्तै बसेको संघको वैठकले कार्यसमितिलाई समेत पूर्णता दिएको छ । संघको रिक्त रहेको सहसचिव पदमा सुवास दाहाल र कार्यसमिति सदस्यमा राजकुमार कार्कीलाई चयन गरेको छ । अब समिति १३ सदस्यीय भएको सचिव तिमल्सिनाले जानकारी दिए । संघ अध्यक्ष बालकृष्ण बजागाईको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

# प्रदेशसभाको चालु अधिवेशन अन्त्य

साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ बागमती प्रदेश सरकारले प्रदेशसभाको चालु अधिवेशन अन्त्य गर्ने निर्णय गरेको छ । बुधबार राति १२ बजेबाट अधिवेशन अन्त्य भएको हो ।

बुधवार बसेको मन्त्रिपरिषद्ले पठाएको निर्णयअनुसार प्रदेश प्रमुख यादवचन्द्र शर्माले बागमती प्रदेशसभाको चालु अधिवेशन अन्त्य गरेका हुन् । प्रदेश प्रमुख सचिवालयबाट बैठक अन्त्य भएको सूचना प्रदेशसभामा प्राप्त भएको प्रमुख सचिव कृष्णहरि खड्काले जानकारी दिए । प्रदेशसभाको दोस्रो कार्यकालको प्रथम बैठक गत पुस १८ गतेदेखि सुरु भई पटक-पटक गरी आज राति अन्त्य हुने भएको प्रदेशसभा सचिवालयका प्रवक्ता मनोजकुमार गुप्ताले बताए ।

यसैगरी, मन्त्रिपरिषद् बैठकले प्रदेश सुशासन केन्द्रमा कार्यकारी निर्देशकमा भरतपुरका गोपालकृष्ण न्यौपानेलाई नियुक्त गरेको छ । प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धी विधेयकको मस्यौदा तयारीका लागि सैद्धान्तिक स्वीकृति दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।

युवा वैज्ञानिक कोष सञ्चालन विधेयकको मस्यौदा तयारीको सैद्धान्तिक स्वीकृति दिएको सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुन मन्त्रालय गंगानारायण श्रेष्ठले जानकारी दिए ।

# कक्षा-१२ को परीक्षा केन्द्र महेन्द्र मावि छतिवनमा



साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/पूर्वी मकवानपुरको बकैया गाउँपालिका-४ छतिवनस्थित महेन्द्र माध्यमिक विद्यालयले कक्षा १२ को परीक्षा सञ्चालनको अनुमति पाएको छ ।

महेन्द्र माविले पहिलो पटक राष्ट्रिय परीक्षा बोर्डबाट कक्षा-१२ को परीक्षा सञ्चालनको अनुमति पाएको हो । विद्यालयका प्रधानाध्यापक दुर्गा पराजुलीका अनुसार अब बकैयाको बुद्ध मावि र कर्म प्राप्ती, बागमतीका जनता मावि, बागमती मावि र देवकी माविको कक्षा १२ को परीक्षा केन्द्र महेन्द्र माविमा सञ्चालन हुनेछ । यसअघि कक्षा ११ र १२ को परीक्षा दिनको लागि हेटौंडा उपमहानगर पालिकाका विद्यालय जानुपर्ने बाध्यता रहेको थियो । अब यहाँका विद्यार्थीले आफ्नै स्थानीय तहको विद्यालयमा परीक्षा दिन पाउने भएका छन् । महेन्द्र माविको कक्षा-१२ का विद्यार्थीको परीक्षा केन्द्र भने हेटौंडा-४ स्थित भुटनदेवी माविमा परेको छ । कक्षा-१२ को परीक्षा यहि वैशाख २६ गते मंगलबारबाट जेठ ५ गते शुक्रबारसम्म सञ्चालन हुँदैछ । परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन हुनेछ ।

# म्यानपावरको अनुगमन गर्न एकसाथ तीन टोली परिचालन

काठमाडौं/वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा हुने ठगी रोक्न अनुगमन तीव्र बनाएको छ । ३ जना निर्देशकको नेतृत्वमा छुट्टा छुट्टै अनुगमन टोली बनाएर विभागले अनुगमन थालेको हो ।




श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले विदेश जाने श्रमिकमाथि हुने ठगी र म्यानपावर व्यवसायका नाममा मौलाएको अनधिकृत काम कामकारबाही नियन्त्रण गर्न निर्देशन दिएपछि विभागले अनुमगन बढाएको बताएको छ । विभागका प्रवक्ता कृष्णप्रसाद भुसाल विभागले विदेशमा रोजगारीका लागि जाने श्रमिकमाथि हुने ठगी र अन्यायपूर्ण क्रियाकलाप नियन्त्रण गर्न अनुममन बढाइएको बताउँछन् ।

सरकारले वैदेशिक रोजगारीको ठगी रोक्न भन्दै मलेसिया सहित ६ वटा खाडी मुलुक जाने कामदारका लागि फ्रि भिसा र फ्रि टिकटको व्यवस्था लागु गर्ने निर्णय भएकै ८ वर्ष भइसकेको छ । व्यवसायीले कामदारबाट मोटो रकम उठाएर १० हजार (तोकिएको सेवा शुल्क) को बिल थमाइदिने गरेका छन् । विगतमा खाडी र मलेसिया जाने युवाले कम्तीमा साढे १ लाख तिर्थे, तर अहिले त्यो 'रेट' साढे २ लाख नाघेको छ ।

कयौं विदेश जान चाहानेहरुको पासपोर्ट मात्रै हैन, पैसा समेत म्यानपावर र एजेन्टहरुले बन्धक बनाएर राखेका छन् । विदेश पठाउने बाहनामा हुने यस्तो ठगी रोक्न श्रम मन्त्रालय र मन्त्रालय अन्तरगतको वैदेशिक रोजगार विभागले पर्याप्त प्रयत्न समेत गर्न नसकेको भन्दै गुनासो र उजुरी पनि बढ्दै गएको छ ।

मानव तस्कर समूहले मोटो रकम असुलेर युरोप र अमेरिकी देशमा पुऱ्याएर अलपत्र पारिदिने क्रम बढेको छ । कयौं एजुकेसन कन्सल्टेन्सीदेखि ट्राभल कम्पनीसम्म यस्तो अवैध वैदेशिक रोजगारीको ठगी धन्दामा जोडिएका छन् । यूएईमा भिजिट भिसामा श्रमिक तस्करी गर्ने गिरोह समेत सक्रिय छ ।

युवाहरु म्यानपावरबाट ठगिएर विदेशमा बिचल्लीमा पर्ने घटना कम भएको छैन । विदेशमा भने अनुसारको तलब नपाउने, जोखिमपूर्ण काम गर्नुपर्ने, स्वदेश फर्किन कठिन हुने, कतिपय अवस्थामा जेल सजाय भोग्नुपर्ने र ज्यानसमेत गुमाउनेसम्मका अवस्थाबाट नेपाली कामदार पीडित छन् । तर, उनीहरुलाई समयमै उद्धार गर्न दूतावास र सरकारी संयन्त्रहरु असफल छन् ।

बल्ल-तल्ल स्वदेश फर्किएपछि ठगिएका श्रमिकले न्याय पाउने ढोका समेत बन्दजस्तै छ । श्रमिकले ठगिंदा पनि सहज न्याय नपाउने र ठग म्यानपावर तथा दलालहरुले उन्मुक्ति पाइरहने विडम्बनापूर्ण अवस्था छ । विदेशबाट ज्यान जोगाएर फर्किएकाहरुले क्षतिपूर्ति पनि नपाउने र पाइहाले बढीमा १० हजार (बिलमा भएको मात्रै) फिर्ता पाउने अवस्था विद्यमान छ ।

विभागका प्रवक्ता भुसाल वैदेशिक रोजगारीलाई मर्यादित र व्यवस्थित गर्ने गरी अनुगमन बढाइएकाले श्रमिकले सुधारको महसुस गर्ने अवस्था आएको बताउँछन् ।

# विद्यालयभित्र राजनीतिक दल र भातृ संस्थाका कार्यक्रम गर्न रोक


काठमाडौं/काठमाडौं महानगरपालिकाले विद्यालयभित्र राजनीतिक कार्यक्रमहरु गर्न प्रतिबन्ध लगाएको छ । सबै विद्यालयहरुलाई परिपत्र गर्दै महानगरपालिकाले केही विद्यालयमा राजनीतिक दल र भातृ संगठनका कार्यक्रमहरु भएको प्रमाणसहित उजुरी प्राप्त भएको जनाएको छ ।

विद्यालयमा हुने गरेका राजनीतिक कार्यक्रमप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै महानगर पालिकाले अब विद्यालयभित्र यस्ता कार्यक्रम गर्न नदिन विद्यालयहरुलाई निर्देशन दिएको छ । 'कुनैपनि राजनीतिक दल र भातृ संस्थाका कार्यक्रम विद्यालयभित्र गर्न नदिन सूचित गरिन्छ,' महानगरले पत्रमा भनेको छ ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी

सम्पर्क नं. : ९८४५५३९५६३, ९८१५२२४३४३

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

कर्मचारी आवश्यकता

मिति : २०८० /०१/१४

रोयल प्यालेस हेटौडा प्रा. लि. को लागी १ जना लेखापाल आवश्यक परेको हुनाले योग्यता पुगेको नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालयमा दरखास्त आह्वान गरिन्छ ।

तपशिल

पद : लेखापाल

संख्या : १ (एक) योग्यता :

१. लेखा बिषय लिएर स्नातक अध्ययन गरेको हुनुपर्नेछ ।
२. लेखा सम्बन्धि कम्तिमा पनि ३ देखि ४ बर्ष काम गरेको अनुभब हुनुपर्ने छ ।
३. Vat सम्बन्धि काम जानेको हुनुपर्ने छ ।

**आवश्यक कागजात** : व्यक्तिगत विवरण, नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, अनुभबको प्रमाणपत्र तथा अन्य कागजातहरुको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

४. उमेर : २० बर्ष देखि ४० बर्ष ननाघेको हुनुपर्छ ।
५. तलब : आपसी समझदारीमा तय गरीनेछ ।

**नोट** : आवेदन परेकाहरु मध्येबाट सर्ट लिष्ट भएका व्यक्तिहरुलाई मात्र बोलाईनेछ । अनुभवी व्यक्तिलाई बिशेष प्राथमिकता दिईने छ ।

सम्पर्क

रोयल प्यालेस हेटौंडा प्रा.लि.

हेटौंडा-४, मेनरोड

सम्पर्क न. ९८५५०१०२२१, ९८४९३९१८७८, ९८५१०९३४४२

ईमेल : royalpalacehetauda@gmail.com

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

मेरिना ड्राई क्लिनिङ्ग स्पोट

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर

(निर्माण व्यवसायी संघको अगाडि)

सम्पर्क नं.: ९८४५१२६११२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना